# स्थानीय राजपत्र

स्थानीय सरकार विदुर नगरपालिका, विदुर, नुवाकोट, बागमती प्रदेश, नेपालद्वारा प्रकाशित

वर्ष ४, संख्या २१ | २०७७ चैत्र १२ गते | बिक्री मुल्य रू.


## भाग ३

स्थानीय सरकार

## विदुर नगरपालिका

विदुर, नुवाकोट

बागमती प्रदेश, नेपाल

*नगर कार्यपालिकाबाट स्वीकृत मिति: २०७७।१२।१०*

# विदुर नगरपालिका विपद् राहत वितरण तथा अनुदान सम्बन्धी मापदण्ड २०७७

# विपद् राहत वितरण तथा अनुदान सम्बन्धी मापदण्ड २०७७

**प्रस्तावना :** बाढी, पहिरो, भु–क्षय, ढुवान, हिमपात, असिना, अतिबृष्टि, अनाबृष्टि, खडेरी, आधीहुरी, बसात, शीतलहर, तातो हावाको लहर चट्याङ्ग, भुकम्प, आगालागी, डडेलो वा यस्तै अन्य प्राकृतिक वा गैर प्राकृतिक कारण जनधनको क्षति भई मानवीय जीवनयापन र बातावरणमा समेत प्रतिकुल असर परेको अवस्थामा तत्कालिन उद्धार, राहत तथा पुर्नस्थापना लगायतका कार्यका लागि व्यवस्थित गर्न मापदण्ड आवश्यक भएकोले विदुर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १८ को उपदफा २ बमोजिम यो मापदण्ड तर्जुमा गरिएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**(१) संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "विपद् राहत वितरण तथा अनुदान सम्बन्धी मापदण्ड, २०७७" रहेको छ ।

(२) यो मापदण्ड विदुर नगरपालिकाको नगर सभाले स्वीकृत गरेपछि प्रारम्भ हुनेछ ।

**(२) परिभाषा र व्याख्या :** विदुर नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को परिभाषा खण्डमा व्याख्या गरिएका "क" देखि "ब" सम्मका शब्दहरु यस मापदण्डमा समेत हुबहु लागु हुनेछ ।

## परिच्छेद – २
## विपद्को किसिम र क्षतिको मूल्याङ्कन

**(३) विपद्को किसिम :** (१) नगरपालिका क्षेत्रभित्र पर्न सक्ने विपद्को प्रमुख किसिम यस प्रकार छन् ।

क) बाढी

ख) पहिरो/ नदी कटान

ग) चट्याङ्ग

घ) आगालागी

ङ) खडेरी, अतिबृष्टि तथा अनाबृष्टि

च) असिना,

छ) शितलहर/तातो हावाको लहर

ज) जंगली जनाबरको आतंक

झ) महामारी

ञ) भुकम्प

**(४) क्षतिको मूल्याङ्कन :** (१) बुदाँ ४ बमोजिम विपद्को कारण पुगेको भौतिक, मानवीय तथा आर्थिक पक्षको क्षतिको मूल्याङ्कन नगरपालिकाले गर्नेछ ।

(२) क्षतिको मूल्याङ्कन गर्न नगरपालिकाले देहाय बमोजिमको एक प्राविधिक उप–समिति गठन गर्नेछ ।

क) विपद् व्यवस्थापन विषयगत समितिका संयोजक– संयोजक,

ख) नगरपालिकाले तोकेको इन्जिनियर एकजना – सदस्य,

ग) आर्थिक प्रशासन शाखा प्रमुख– सदस्य,

घ) विपद् व्यवस्थापन शाखा प्रमुख– सदस्य,

(३) बुँदा २ बमोजिम गठित समितिले विपद्को कारण पुगेको भौतिक क्षति, मानवीय क्षति तथा अन्य क्षतिको विस्तृत अध्ययन तथा लेखाजोखा गरी प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नेछ ।

(४) क्षतिको मूल्याङ्कनका सन्दर्भमा उप समितिले जिल्ला प्रशासन, नेपाल प्रहरी तथा अन्य विज्ञको सहयोग समेत लिन सक्नेछ ।

**(५) क्षतिको बर्गीकरण :** (१) क्षतिको मूल्याङ्कन गर्न गठिन उप समितिले दिएको प्रतिवेदनको आधारमा नगरपालिकाले क्षतिको बर्गीकरण गर्नेछ ।

(२) क्षतिको बर्गीकरण गर्दा देहाय बमोजिम पूर्ण क्षति, आंशिक क्षति र सामान्य क्षतिको रुपमा बर्गीकरण गरी राहतका लागि शिफारिश गर्नुपर्नेछ ।

| सि.नं. | विपद्को प्रकार | क्षतिको अवस्था | | |
|---|---|---|---|---|
| | | पूर्ण क्षति | आंशिक क्षति | सामान्य क्षति |
| १। | बाढी | बसोबास गरेको घर, गोठ लगायत बाढीले बगाई मानवीय, पशु बस्तु, तथा भण्डारण गरिएको अनाज समेतमा क्षति पुगी घर/ बस्तीनै स्थानान्तरण गर्नुपर्ने अवस्था, | बसोबास गरेको घर, गोठ लगायतमा बाढीले क्षति पुर्याई तत्काल बसोबास गर्न नमिल्ने अवस्था,, | पूर्ण तथा आंशिक क्षति बाहेकको अवस्था, |
| २। | पहिरो/नदी कटान | बसोबास गरेको घर, गोठ लगायत पहिरो/नदी कटानमा परी मानवीय, पशु बस्तु, तथा भण्डारण गरिएको अनाज समेतमा क्षति पुगी घर/ बस्तीनै स्थानान्तरण गर्नुपर्ने अवस्था, | बसोबास गरेको घर, गोठ लगायत पहिरो /नदी कटानमा परी तत्काल बसोबास गर्न नमिल्ने अवस्था,, | पूर्ण तथा आंशिक क्षति बाहेकको अवस्था, |
| ३। | चट्याङ्ग | चट्याङ्ग परी बसोबास गरेको घर, गोठ लगायत मानवीय, पशु बस्तु, तथा भण्डारण गरिएको अनाज समेतमा क्षति पुगी घर गोठ पुरै पुन निर्माण गर्नुपर्ने अवस्था, | चट्याङ्ग परी मानवीय तथा पशुबस्तमा कुनै क्षति नभएको तर बसोबास गरेको घर, गोठ मर्मत गर्नुपर्ने अवस्था, | पूर्ण तथा आंशिक क्षति बाहेकको अवस्था, |
| ४। | आगालागी | आगालागी भई बसोबास गरेको घर, गोठ लगायत मानवीय, पशु बस्तु, तथा भण्डारण गरिएको | आगालागी भई मानवीय तथा पशुबस्तमा कुनै क्षति नभएको तर | पूर्ण तथा आंशिक क्षति बाहेकको अवस्था, |

| | | | | |
|---|---|---|---|---|
| | | अनाज समेतमा क्षति पुगी घर गोठ पुरै पुन निर्माण गर्नुपर्ने अवस्था, | बसोबास गरेको घर, गोठ मर्मत गर्नुपर्ने अवस्था, | |
| ५। | खडेरी, अतिबृष्टि तथा अनाबृष्टि | खडेरी, अतिबृष्टि तथा अनाबृष्टिका कारण लगाएको अन्नबालीबाट कुनै उत्पादन लिन नपाएको अवस्था, | खडेरी, अतिबृष्टि तथा अनाबृष्टिका कारण लगाएको अन्नबालीबाट ३० प्रतिशत सम्म मात्र उत्पादन लिन सकिएको अवस्था, | खडेरी, अतिबृष्टि तथा अनाबृष्टिका कारण लगाएको अन्नबालीबाट ६० प्रतिशत सम्म मात्र उत्पादन लिन सकिएको अवस्था, |
| ६। | असिना, | असिनाका कारण लगाएको अन्नबालीबाट कुनै उत्पादन लिन नपाएको अवस्था, | असिनाका कारण लगाएको अन्नबालीमा ५० प्रतिशत क्षति भएको अवस्था, | असिनाका कारण लगाएको अन्नबालीमा २५ प्रतिशत क्षति भएको अवस्था, |
| ७। | शितलहर/तातो हावाको लहर | शितलहर/तातो हावाको लहरका कारण परिबारको सदस्य तथा बस्तुभाउ मरेको अवस्था | शितलहर/तातो हावाको लहरका कारण विमारी परि उपचारका लागि अस्पताल भर्ना हुनु परेको अवस्था | शितलहर/तातो हावाको लहरको कारण कुनै असर नगरेको अवस्था |
| ८। | जंगली जनाबरको आतंक | जंगली जनावरले लगाएको अन्नबाली पुरै सखाप पारेको, मानिस तथा बस्तुभाउको ज्यान समेत लिएको अवस्था, | जंगली जनावरले लगाएको अन्नबालीमा ५० % सम्म क्षति गरेको र मानिस तथा बस्तुभाउलाई घाइते बनाएको अवस्था, | पूर्ण तथा आंशिक क्षति बाहेकको अवस्था, |
| ९। | महामारी | कोभिड, फ्लु, जस्ता महामारीबाट परिबारका सदस्यको मृतु भएको अवस्था, | कोभिड, फ्लु, जस्ता महामारीका कारण अस्पतालमा भर्ना भई उपचार गर्नुपरेको भएको अवस्था, | पूर्ण तथा आंशिक क्षति बाहेकको अवस्था, |
| १०। | भुकम्प | भुकम्पका कारण भौतिक संरचनामा पुर्ण क्षति भई बसोबास गर्न नमिल्ने अवस्था, | भुकम्पका कारण भौतिक संरचनामा क्षति भई मर्मत संभार गरी बसोबास गर्न नमिल्ने अवस्था, | पूर्ण तथा आंशिक क्षति बाहेकको अवस्था, |

## परिच्छेद – ३
## तत्कालिन राहत तथा पुर्नस्थापना र पुर्नलाभ सम्बन्धी व्यवस्था

**(६) तत्कालिन राहत सम्बन्धी व्यवस्था :** (१) वडा विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरीको शिफारिश तथा मुचुल्का समेतको आधारमा नगरपालिकाले तत्कालिन राहत स्वरुप नगर तथा जिन्सी सामान पिडितलाई उपलब्ध गराउनेछ ।

(२) तत्कालिन राहत रकम क्षतिको आधारमा रु. ५० हजार सम्म उपलब्ध गराउन सकिनेछ ।

**(७) पुर्नस्थापना सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले गठन गरेको उप समिति र क्षतिको वर्गीकरणको आधारमा पिडितलाई पुर्नस्थापना गर्न नगरपालिकाले अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) केन्द्र, प्रदेश स्तरीय निकाय तथा अन्य संघसंस्थाले उपलब्ध गराएको अनुदान प्राप्त गर्ने व्यक्तिलाई क्षतिको मूल्याङ्कनका आधारमा यस मापदण्ड अनुसार थप अनुदान दिन कुनै बाधा पर्नेछैन ।

**(८) पुर्नलाभ सम्बन्धी व्यवस्था :** (१) विपद्बाट पिडित व्यक्तिहरुको आर्थिक, सामाजिक उत्थानशीलताका लागि नगरपालिकाले विशेष कार्यक्रमहरु बनाई संचालन गर्न सक्नेछ ।

## परिच्छेद –४
## विविध

**(९) विपद् व्यवस्थापन कोषबाट खर्च गर्नुपर्ने :** (१) यस मापदण्ड बमोजिम गरिने विपद् राहत तथा पुर्नस्थापन र पुर्नलाभका कार्यक्रमहरु विपद् व्यवस्थापन कोषबाट मात्र खर्च गरिनेछ ।

**(१०) राहतको अभिलेख राख्नुपर्ने :** (१) यस मापदण्ड बमोजिम राहत तथा पुर्नस्थापनाका लागि सहयोग र अनुदान प्राप्त गर्ने व्यक्तिहरुको अभिलेख राखी बार्षिक रुपमा त्यसको विवरण नगरपालिकाले प्रकाशित गर्नुपर्नेछ ।

(२) अभिलेखको ढाँचा अनुसुची १ बमोजिम हुनेछ ।

अनुसुची–१
(मापदण्डको बुँदा १० संग सम्बन्धित)

| सि.नं. | राहत/पुर्नस्थापना रकम प्राप्त गर्ने व्यक्तिको | | राहत/पुर्नस्थापना रकम रु. | मिति |
|---|---|---|---|---|
| | नम थर | ठेगाना | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रमाणीकरण मिति : २०७७/१२/१२

आज्ञाले
मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत